# त्रियुगा नगरपालिकाको बिनियोजन (प्रथम संशोधन) विधेयक, २०७४

त्रियुगा नगरपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन
पारित मिति २०७४।११।२५

नगर सभावाट निर्णय मितिः ........................गते

**प्रस्तावनाः**

त्रियुगा नगरपालिकाको विनियोजन ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम त्रियुगा नगर कार्यपालिकाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम " त्रियुगा नगरपालिकाको विनियोजन (प्रथम संशोधन) ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन नगर सभाको अधिवेसनबाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. त्रियुगा नगरपालिकाको विनियोजन ऐन(यसपछि ऐन मात्र भनिएको), २०७४ को दफा २ मा संशोधन :** ऐनको दफा २ को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थप गरिएको छ ।
"(ङ) "विषयगत समिति" भन्नाले त्रियुगा नगरपालिकाको कार्य विभाजन नियमावली, २०७४ बमोजिम गठित विषयगत समिति सम्झनु पर्दछ । "

**३. ऐनको दफा ३ मा मा संशोधन :** ऐनको दफा ३ को उपदफा (१) मा रहेका "रु. ८१,११,७६,२१३।- ( अक्षेरुपी एकासी करोड एघार लाख छयहत्तर हजार दुई सय तेह्र रुपैया मात्र)" भन्ने शब्दहरुको सट्टा "रु. ८८,२४,५२,२१३।- (अक्षेरुपी अठासी करोड चौविस लाख वाउन्न हजार दुई सय तेह्र रुपैया मात्र)" राखिएको छ ।

**४. ऐनको दफा ४ मा मा संशोधन :** ऐनको दफा ४ को उपदफा (३) पछि देहायको उपदफा (४) र (५) थप गरिएको छ ।
"(४) यस ऐनद्वारा विनियोजित वजेट रकमलाई सम्वन्धित विषयगत समिति मार्फत नगर कार्यपलिकाले कार्यक्रम र क्रियाकालापमा विभक्त गरी कार्यान्वयन गर्नेछ ।"
" (५) ऐनमा विनियोजित रकम वाहेक कुनै निकायवाट अनुदान रकम प्राप्त भएमा सम्वन्धित विषयगत समिति मार्फत नगर कार्यपलिकाले निर्णय गरी कार्यान्वयन गर्ने छ ।"

**५. ऐनको अनुसूचीमा मा संशोधन :** ऐनको अनुसूची -१ को सट्टा देहयका अनुसूची -१ राखिएको छ

*मिति २०७४/११/२७ गतेको दोश्रो नगर सभा अधिवेशनले प्रित गरेको प्रमाणित गर्दछु / सभाध्यक्ष*

*श्री देवी कुमारी चौधरी*
*(नगर उपप्रमुख)*

"अनुसूची - १

(दफा ३ संग सम्वन्धित)

नेपालको संविधानको धारा २२९ (२) वमोजिम

**सञ्चित कोषवाट विनियोजन हुने रकम**

रकम रु. हजारमा

| क्र.सं. | अनुदान | शीर्षकको नाम | चालु खर्च | पुंजीगत खर्च | बित्तिय ब्यबस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | तलव भत्ता पारिश्रमिक आदि | ८७,००० | | | |
| २ | | पारिश्रमिक आन्तरीक श्रोत | १३,६०० | | | |
| ३ | | शिक्षा तर्फ | १९१,१९६ | | | |
| ४ | | स्वास्थय तर्फ (आर्युद, अस्पताल समेत) | ५३,५८६ | | | |
| ५ | | कृषी प्राविधिकको तलव | ६४० | | | |
| ६ | | एक गाउ एक प्राविधिक | १,१८३ | | | |
| ७ | | आर्थिक विकास समिति | | १९९५७|०० | | |
| ८ | | पूर्वाधार विकास समिति | | २५०२९२|९५ | | |
| ९ | | वातावरण तथा विपद व्यवस्थापन | | २४,३८५|१९ | | |
| १० | | संस्थागत विकास | | ७२०९३|०७ | | |
| ११ | | सामाजिक विकास | | १६८५१९|०० | | |
| **जम्मा** | | | **३४७,२०५** | **५३५२४७|२१** | | ८८२४५२|२१३" |

*मिति २०७४/११/२७ गतेको दोश्रो नगर सभा अधिवेशनले प्रित गरेको प्रमाणित गर्दछु । सभाध्यक्ष*

*श्री देवी कुमारी चौधरी*
*(नगर उपप्रमुख)*